# AML/CFT सम्बन्धमा सहकारी संस्थाहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) र goAML System मा आवद्धता तथा रिपोर्टिङ्ग सम्बन्धमा सहकारी संस्थाहरुको सहभागितामा सम्बत् २०८१ कार्तिक २९ गते काठमाडौँमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

सो कार्यक्रममा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग, प्रदेश सहकारी विभाग, काठमाडौँ महानगरपालिका सहकारी विभाग, ललितपुर महानगरपालिका सहकारी विभाग, भक्तपुर नगरपालिका, राष्ट्रिय सहकारी महासंघ लिमिटेड, राष्ट्रिय सहकारी बैंक लिमिटेड, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड, नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लिमिटेड, नेपाल कृषि सहकारी केन्द्रीय संघका प्रतिनिधिहरु लगायत विभिन्न ४० भन्दा बढी सहकारी संस्थाहरुबाट प्रतिनिधि/कार्यान्वयन अधिकारीहरुको सहभागिता रहेको थियो ।



*कार्यक्रमको पछिको सामुहिक तस्वीर*

उक्त कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेले सहकारी क्षेत्रमा सम्पत्ति शुद्धीकरण निवारणका लागि विभागबाट गरिएका अनुगमन तथा निरिक्षणले देखाएका कमीकमजोरीहरुलाई समयमै सुधार गर्न निर्देशन दिनुका साथै कार्यान्वयन अधिकारी (Compliance Officer) ले कानुन तथा नीति नियमको अधिनमा रही निर्धक्क भएर goAML System मार्फत STR/SAR/TTR रिपोर्टिङ्ग गर्न आग्रह गर्नु भयो । कार्यक्रमका अतिथि राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका वरिष्ठ उपाध्यक्ष रमेश प्रसाद पोखरेलले गरिबी न्यूनीकरणका लागि उल्लेखनीय भूमिका खेलेको सहकारी क्षेत्रलाई सक्षम र सबल बनाउन समय समयमा सहकारीहरुलाई तालिम प्रदान गरिरहेको बताउनु भयो । साथै Mutual Evaluation ले सहकारी क्षेत्रमा देखाएका कमीकमजोरीहरु सुधार गर्न सबै सहकारी प्रतिनिधिहरुलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा इकाई प्रमुख वासुदेव भट्टराईले छोटो समयमै धेरै सहकारीहरु goAML System मा आवद्ध भएकोमा खुसी व्यक्त गर्दै बाँकी रहेका अन्य सहकारी संस्थाहरुलाइ पनि यस प्रणालीमा आवद्ध हुन आग्रह गर्नुभयो । साथै उहाँले goAML System लाई सरलीकरण गरिएको, नियामक निकायहरुलाई goAML System मा पहुँच दिएको जानकारी दिनुभयो । इकाई प्रमुख भट्टराईले कानुनले किटान गरेका संस्था तथा क्षेत्रहरु अनिवार्य रुपमा goAML System मा जोडिनुपर्ने र जोखिम मूल्याङ्कनका आधारमा सहकारी संस्थाहरु क्रमिक रुपमा goAML System मा आवद्ध गर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा सहकारी संस्थाहरुले पालना गर्नुपर्ने AML/CFT सम्बन्धी कानुनी तथा नियामकीय प्रावधानहरुका सम्बन्धमा सहकारी विभागका उप-रजिष्ट्रार टोलराज उपाध्यायले प्रथम कार्यपत्र प्रस्तुत गर्नुभएको थियो जसमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रावधानहरु सहकारी संस्थाहरुले अक्षरस पालना गर्नुपर्ने, पालना कसरी गर्ने र नगरेमा हुनसक्ने कारवाही समेटिएको थियो । यसैगरी, goAML System मा आवद्धता तथा रिपोर्टिङ्ग प्रक्रिया सम्बन्धमा वित्तीय जानकारी इकाईका सहायक निर्देशक

कमल पौडेलले दोश्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो जसमा goAML System, यसका विशेषता, यसको सुरक्षार्थ अपनाइएका उपायहरु साथै हालसम्म goAML मा आवद्ध भएका संस्थाहरुको विवरण, प्रदेशगत अवस्था, STR/SAR/TTR रिपोर्टिङ्गको अवस्था आदि समेटिएको थियो ।




*मन्चमा आसीन इकाई प्रमुख र अतिथिहरु*




*सहभागीहरुलाई स्वागत गर्दै उप निर्देशक श्री केशब प्रसाद रिमाल*




*कार्यपत्र प्रस्तुत पश्चातको जिज्ञासा र सम्बोधन*



*कार्यपत्र प्रस्तुत गर्दै उप-रजिष्ट्रार श्री टोलराज उपाध्याय*

इकाईका उप-निर्देशक केशब प्रसाद रिमालले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको औचित्यता तथा Mutual Evaluation ले गरेको दिशानिर्देश सम्बन्धमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा सहभागीहरुले राख्नुभएका जिज्ञासाहरुलाई सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरे, इकाई प्रमुख वासुदेव भट्टराई, नेपाल राष्ट्र बैंकका निर्देशक तथा AML/CFT विज्ञ डा. हरिकुमार नेपाल, कार्यपत्र प्रस्तोता उप-रजिष्ट्रार टोलराज उपाध्याय र इकाईका सहायक निर्देशक कमल पौडेलले सम्बोधन गर्नुभएको थियो । बिहान ११:३० बजे शुरु भई दिउँसो ४:३० सम्म चलेको उक्त कार्यक्रमको सञ्चालन इकाईका सहायक सृजना न्यौपाने गर्तौलाले गर्नुभएको थियो ।